भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२७**

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा आ.व. २०८०/८१ को स्विकृत नीति तथा कार्यक्रम अनुसार सूचना प्रविधि इकाई स्थापना गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन निम्नानुसारका पदहरु करार सेवाको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तोकिएको ढाँचामा प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८१ बैशाख ११ गते दिनको ५:०० बजेसम्म) रीतपूर्वक आवेदन फाराम भरी महानगरपालिकाको Email- bmc@ntc.net.np वा info@bharatpurmun.gov.np मा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | २६/२०८०/८१ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैठौं | १ (एक) | *Computer Information and Communication Technology वा सो सरहको विषयहरु मध्ये कुनै एक विषयमा स्नातक (BSc.CSIT/BIT/BIM/BBIS/BCA/ BCIS/BSc.IT/ B.ED ICT/BICTE/BEIT) उपाधि हासिल गरेको (विदेशी प्रमाण पत्र भएमा नेपाली समकक्षता निर्धारण गरेको )<br>*नेपाली र अंग्रेजी भाषामा दख्खल भएको, आफ्नो क्षेत्रमा कम्तीमा १ वर्षको अनुभव भएको । | प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता |
| २ | २७/२०८०/८१ | कम्प्युटर अपरेटर | सहायकस्तर पाँचौ | १ (एक) | *मान्यता प्राप्त संस्थाबाट कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको, वा<br>*१०+२ का प्रत्येक विषयहरु(सैद्धान्तिक र प्रयोगात्मक) मा न्युनतम D+ र CGPA -१.६ प्राप्त गरी रजिष्टर्ड संस्थाबाट ६ महिनाको एड्भान्स कम्प्युटर तालिम उत्तीर्ण गरेको,<br>* आफ्नो क्षेत्रमा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको । | प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता |
| २ | २८/२०८०/८१ | Graphic Designer | सहायकस्तर पाँचौ | १ (एक) | *मान्यता प्राप्त संस्थाबाट प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा १०+२ का प्रत्येक विषयहरु(सैद्धान्तिक र प्रयोगात्मक) मा न्युनतम D+ र CGPA (१.६) प्राप्त गरेको,<br>* रजिष्टर्ड संस्थाबाट न्यूनतम ६ महिनाको Graphic Design सम्बन्धी तालिम उत्तीर्ण गरेको,<br>*कम्तिमा ३ वर्ष Print Media र Digital Media को क्षेत्रमा डिजाइन सम्बन्धी कार्य अनुभव भएको । | प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता |
| ३ | २९/२०८०/८१ | फोटोग्राफर | सहायकस्तर चौथो | १ (एक) | *मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट डिजिटल फोटोग्राफिमा न्युनतम ३ महिनाको तालिम उत्तीर्ण गरेको,<br>* डिजिटल फोटोग्राफीको क्षेत्रमा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको । | प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता |

**नोटः**

१. **संलग्न गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यता, चारित्रिक प्रमाणपत्र तथा तालिम सम्बन्धी प्रमाणपत्रको आफैंले प्रमाणित गरेको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

२. **दरखास्त दिने स्थानः** भरतपुर महानगरपालिकाको Email- bmc@ntc.net.np वा info@bharatpurmun.gov.np मार्फत माग गरिएका कागजात पछि सम्म फरक नपर्ने गरी दरखास्त बुझाउनु पर्नेछ। प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन पश्चात मात्र परिक्षा दस्तुर बुझाउनु पर्नेछ र सोही सूचनामा परिक्षा दस्तुर बारे जानकारी गराईनेछ ।

३. **दरखास्त दिने उमेरः** २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) । भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको हुनुपर्नेछ ।

४. **पारिश्रमिक तथा सेवा सुविधाः** नेपाल सरकार ले तोकेको सुरू तलब स्केल अनुसार ।

५. **परीक्षाको किसिमः** भरतपुर महानगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा भएको व्यवस्था बमोजिम गरिनेछ ।

६. दरखास्त फाराम यस कार्यालयको Web Site - bharatpurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

७. परिक्षा सम्बन्धी कार्यक्रमको मिति र प्रारम्भिक योग्यताक्रमको सूची सँगै प्रकाशन गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**